## आकाशवाणी समाचार- नेपाली

मितिः २० नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधि: १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले जी–२० शिखर सम्मेलनको दोस्रो दिन निरन्तर विकास र ऊर्जा संक्रमणसम्बन्धी पहिलो सत्रलाई सम्बोधन गर्नुभयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदी ब्राजिलको सफल भ्रमण सकेर तीन दिने भ्रमणका लागि गुयाना प्रस्थान गर्नुभयो।

३. कडा सुरक्षाको साथ झारखण्ड र महाराष्ट्र विधानसभा चुनावको मतदान शुरु।

४. भारत र चीनले सीमामा शान्ति कायम गर्न सेना फिर्ता गर्नुपर्नेमा जोड दिएका छन् ।

५. महिला एशियाई हॉकी चैम्पियंस ट्राफीको फाइनलमा भारतले र चीनको सामना गर्नेछ।

**प्रधानमंत्री जी20 संबोधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले जी–२० शिखर सम्मेलनको दोस्रो दिन निरन्तर (दिगो) विकास र ऊर्जा संक्रमणसम्बन्धी पहिलो सत्रलाई सम्बोधन गर्नुभयो। सम्बोधनको क्रममा श्री मोदीले नयाँ दिल्ली जी–२० शिखर सम्मेलनको क्रममा समूहले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाको क्षमता लाई तीन गुणा बढाउने र ऊर्जा दक्षता दरलाई दोब्बर बनाउने संकल्प गरेको बताउनुभयो भने निरन्तर (दिगो) विकासका प्राथमिकतालाई अगाडि बढाउने ब्राजिलको निर्णयको स्वागत गर्नु गर्नुभयो।आफ्नो सम्बोधनमा प्रधानमन्त्री मोदीले निरन्तर (दिगो) विकासका लागि भारतले चालेका कदमका बारेमा विस्तृत जानकारी दिनुभयो। जसमा विगत १० वर्षमा ४ करोड परिवारलाई आवास, पछिल्लो पाँच वर्षमा १२ करोड परिवारलाई स्वच्छ पिउने पानी, १० करोड परिवारलाई स्वच्छ खाना पकाउने इन्धन र ११ करोड ५० लाख परिवारलाई शौचालय उपलब्ध गराउने उल्लेख छ । यसका साथै प्रधानमन्त्री मोदीले पेरिसप्रतिबद्धता पूरा गर्ने पहिलो जी–२० राष्ट्र बन्न भारतले हासिल गरेको उपलब्धिबारे प्रकाश पार्नुभयो। यसैगरी भारतले २०३० सम्ममा ५०० गिगावाट नवीकरणीय ऊर्जा उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य राखेको, जसमध्ये २०० गिगावाट प्राप्त भएको उल्लेख गर्दै भारतको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन, आपदा प्रतिरोधी बुनियादी ढांचा गठबंधन, मिशन लाइफ, वान सन वान वर्ल्ड वान ग्रिड र पृथ्वीको चिरस्थायी बनाउनको लागी वैश्विक जैव ईंधन गठबंधन जस्ता विश्वव्यापी पहलहरूको उल्लेख गर्नुभयो। अर्कोतिर प्रधानमन्त्रीले विकासोन्मुख देशहरू, विशेष गरी साना टापु राष्ट्रहरूको दिगो विकास आवश्यकतालाई प्राथमिकता दिन आग्रह गर्नुभयो भने ग्लोबल साउथ समिटको तेस्रो भ्वाइसमा भारतले घोषणा गरेको ग्लोबल डेभलपमेन्ट कम्प्याक्टका लागि सहयोगका लागि आह्वान गर्नुभयो।

****** ० ******

**प्रधानमन्त्री ऑस्ट्रेलिया शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदी र ऑस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीसले जी–२० शिखर सम्मेलनका क्रममा दोस्रो भारत–अस्ट्रेलिया वार्षिक शिखर सम्मेलनमा भाग लिनुभयो। सम्मेलनमा दुवै नेताले रक्षा र सुरक्षा, व्यापार र निवेश, शिक्षा, कौशल, खेलकुद, अन्तरिक्ष, गतिशीलता र जनता–जनताबीचको सम्बन्धलगायत व्यापक रणनीतिक साझेदारीलाई थप विस्तार गर्ने प्रतिबद्धता दोहोरयाएका छन् भने दुवै नेताले भारत–अस्ट्रेलिया प्रथम वार्षिक शिखर सम्मेलनमा सहमति भएअनुसार नवीकरणीय ऊर्जा साझेदारीको सुरुवातको स्वागत गरेका छन्

****** ० ******

**गुत्तेरस -जी-20**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले गरिबी, असमानता र जलवायु परिवर्तन जस्ता समस्यासमाधानका लागि विश्वव्यापी शासकीय सुधारमा नेतृत्व लिन जी–२० राष्ट्रलाई आह्वान गर्नुभयो। यसका

साथै गुर्टेरेसले विश्व शान्तिका लागि विधिको शासन, संयुक्त राष्ट्रसङ्घका प्रस्ताव तथा संयुक्त राष्ट्रसङ्घको चार्टरमा उल्लिखित देशहरूको सार्वभौमिकता, राजनीतिक स्वतन्त्रता र क्षेत्रीय अखण्डताका सिद्धान्तको पालना गर्नुपर्नेमा जोड दिनुभयो। स्पेनमा आगामी चौथो अन्तर्राष्ट्रिय सम्मेलनको उल्लेख गर्दै गुटेरेसले जुलाईमा हुने सम्मेलन व्यापक सुधारका लागि ठूलो अवसर हुने बताउनु भयो।

****** ० ******

**जी20 समापन समारोह**

ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसालाई जी–२० शिखर सम्मेलनको अध्यक्षता हस्तान्तरण गरेसँगै जी–२० शिखर सम्मेलन सम्पन्न भएको छ। दक्षिण अफ्रिकालाई जी–२० को अध्यक्षताको जिम्मेवारी न्यायपूर्ण र दिगो विश्वको निर्माण जारी राख्ने आशाका साथ सुम्पिएको छ। जी–२० शिखर सम्मेलनको समापन भाषणमा राष्ट्रपति लुलाले ब्राजिलको कार्यकालमा भोकमरी र गरिबीविरुद्ध विश्वव्यापी गठबन्धनको सुरुवात र विश्वव्यापी विकासका लागि धनी देशहरूलाई कर लगाउने अभूतपूर्व बहसलगायत विभिन्न पहलहरूको उल्लेख गर्नुभयो।

****** ० ******

**प्रधानमंत्री गयाना यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी ब्राजिलको सफल भ्रमण सकेर तीन दिने भ्रमणका लागि गुयाना प्रस्थान गर्नुभयो। सन् १९६८ पछि कुनै पनि भारतीय प्रधानमन्त्रीको यो पहिलो गुयाना भ्रमण हो। भ्रमणका क्रममा मोदीले गुयानाका राष्ट्रपति डा मोहम्मद इरफान अलीसँग जर्जटाउनमा भेटवार्ता गर्नुहुनेछ। प्रधानमन्त्री मोदीले दोस्रो कैरिकॉम-भारत शिखर सम्मेलनमा भाग लिनुका साथै यस क्षेत्रसँग भारतको लामो समयदेखिको मित्रता बढाउन क्यारिकोम सदस्य राष्ट्रका नेताहरूसँग भेटवार्ता गर्नुहुनेछ।

****** ० ******

**झारखंड-महाराष्ट्र चुनाव**

झारखण्ड र महाराष्ट्रमा आज हुने विधानसभा चुनावका लागि सबै तयारी पूरा भएको छ। यसैबीच झारखण्डका १२ जिल्लाका ३८ निर्वाचन क्षेत्रमा दोस्रो तथा अन्तिम चरणको मतदान हुँदैछ। मतदान बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म चल्नेछ भने केही संवेदनशील मतदान केन्द्रमा अपराह्न ४ बजे मतदान सम्पन्न हुनेछ। यस चरणमा ५सय २८ जना उम्मेदवार चुनावी मैदानमा छन्। झारखण्डका मुख्य निर्वाचन अधिकारी के रवि कुमारले जनतालाई निर्धक्क भएर मतदान गर्न अपिल गर्नुभयो।यसैगरी आज महाराष्ट्रका सबै २८८ सिटका लागि एकै चरणमा चुनाव हुँदैछ। मतदान बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ। दुई हजार ८६ स्वतन्त्रसहित चार हजार १३६ उम्मेदवार चुनावी मैदानमा छन्। महाराष्ट्रका मुख्य निर्वाचन अधिकारी एस चोककलिंगमले राज्यमा लगभग पाँच लाख मतदान कर्मीले एक लाख ४२७ मतदान केन्द्रको व्यवस्थापन गर्ने बताउनु भयो।यसका साथै महाराष्ट्रको नान्देड संसदीय निर्वाचन क्षेत्र र पञ्जाब, उत्तर प्रदेश, केरला र उत्तराखण्डका १५ विधानसभा सीटका लागि पनि आजे उपनिर्वाचन हुँदैछ। सबै राज्यको मतगणना यही शनिबार हुनेछ।

****** ० ******

**रेलवे-जनरल कोच**

रेल यात्रीहरूको यात्रालाई सहज बनाउन यस महिनाको अन्त्यसम्ममा 370 भन्दा अधिक रेलहरूमा लगभग 1,000 नयाँ जनरल डिब्बाहरू थपिनेछन्। रेलवे बोर्डका सूचना प्रचार विभागका कार्यकारी निर्देशक दिलीप कुमारले नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै सो जानकारी दिनुभयो भने रेलवेले सबै महत्वपूर्ण रेलमा नयाँ जनरल कोच थप्ने निर्णय गरेको उहाँले बताउनु भयो।

****** ० ******

**जयशंकर-चीन मुलाकात**

भारत र चीनले सीमामा शान्ति कायम गर्न सेना फिर्ता गर्नुपर्नेमा जोड दिएका छन् । विदेशमन्त्री एस जयशंकर र उनका चिनियाँ समकक्षी वाङ यीबीच रियो दि जेनेरियोमा भएको जी–२० शिखर सम्मेलनका क्रममा भएको भेटवार्तामा उक्त कुरामा बातचीत भएको थियो भने दुवै देशले विशेष प्रतिनिधि र परराष्ट्र सचिव–उपमन्त्रीस्तरीय संयन्त्रको शीघ्र बैठक गर्न पनि सहमति जनाएका छन् । यसका साथै जयशंकरले जी–२० शिखर सम्मेलन र साङ्घाई कोअपरेसन अर्गनाइजेसन र ब्रिक्समा भारत र चीनबीचको सहकार्यको चर्चा गर्नुभयो भने दुवै नेताले कैलाश मानसरोवर तीर्थयात्रा पुनः सुरु गर्ने, सीमापार नदीहरूको तथ्याङ्क आदानप्रदान गर्ने, भारत र चीनबीच सिधा उडान गर्ने र मिडिया आदानप्रदान गर्ने जस्ता धेरै प्रस्तावहरूमा पनि छलफल गरेका थिए।

****** ० ******

**फिल्म महोत्सव**

५५ औं भारत अंतरराष्ट्रीय फिल्म महोत्सव गोवाको पणजीमा  सुरु हुँदैछ । भव्य उद्घाटन समारोह पणजी स्थित डॉ. श्यामा प्रसाद मुखर्जी स्टेडियममा साझ 5 बजे हिनेछ। फिल्म कलाकार अभिषेक बनर्जी र भूमि पेडनेकरले यस कार्यक्रमको संचालन गर्नुहुनेछ। आकाशवाणीलाई दिएको विशेष अन्तर्वार्तामा सूचना तथा प्रसारण मन्त्रालयका सचिव सञ्जय जाजुले उद्घाटन समारोहमा प्रसार भारती ओटीटी सुरु गरिने बताउनु भयो ।

****** ० ******

**संयुक्त विमोचन 2024**

भारतीय सेनाको बहुपक्षीय वार्षिक संयुक्त मानवीय सहायता र आपदा राहत अभ्यास संयुक्त मोचन २०२४ गुजरातको अहमदाबाद र पोरबन्दरमा सफलतापूर्वक सम्पन्न भएको छ । हिजो र आज आयोजित आपदा राहत अभ्यासमा सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीले भाग लिनुहुनेछ ।यसैबीच, भारतीय सेना, भारतीय नौसेना र भारतीय वायु सेनाले नौ दिनसम्म पूर्वी प्रहार अभ्यास गरेका छन् ।

****** ० ******

**रात्रि बिहार हॉकी**

महिला एशियाई हॉकी चैम्पियंस ट्राफीको फाइनलमा भोली भारतले  र चीनको सामना गर्नेछ। यो खेल बिहारको राजगीर हकी स्टेडियममा दिउँसो ४.४५ बजेदेखि सुरु हुनेछ । प्रतियोगितामा भारतीय टोली अहिलेसम्म अपराजित रहँदै आएको छ भने समूह चरणका सबै खेल जितेर १५ अंकका साथ तालिकाको शीर्ष स्थानमा रहेकी छ । यसैबीच सेमिफाइनलमा भारतले जापानलाई २–० गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

****** ० ******